# माथागढी गाउँपालिका मेला महोत्सव
# संचालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०६/२२

## माथागढी गाउँपालिका


गाउँ कार्यपालिकाको कार्यालय

झडेवा,पाल्पा,लुम्बिनी

Email: mathagadhimun@gmail.com,

Website: mathagadhimun.com.np

# माथागढी गाउँपालिका मेला महोत्सव संचालन कार्यविधि, २०८०

**पृष्ठभुमिः** माथागढी गाउँपालिका भित्र विभिन्न उद्देश्यका साथ संचालन हुने व्यापारिक, धार्मिक सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्देश्यलाई मुर्तरुप दिने कार्यमा सहयोग पुयाई दर्शक तथा स्रोता मैत्री ढङ्गबाट मेला महोत्सव संचालन, व्यवस्थापन तथा नियमन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रही मिति २०८० श्रावण २८ गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरि यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भीक

१.संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम **मेला महोत्सब संचालन कार्यविधि, २०८०** रहेको छ ।

२) यो कार्यविधि माथागढी गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

२. परिभाषा

१) "मेला महोत्सव" भन्नाले माथागढी गाउँपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा दुई दिन भन्दा वढी अवधि सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ।

२) "मूल आयोजक" भन्नाले मेला महोत्सव संचालन गर्न गाउँपालिकावाट अनुमति प्राप्त संस्था वा कार्यालयलाई जनाउने छ ।

३) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, माथागढी, झडेवा पाल्पालाई जनाउने छ ।

४) "विषयगत संस्था वा कार्यालय" भन्नाले विषयगत क्षेत्रमा काम गर्ने उद्धेश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ ।

थ) "समिति" भन्नाले मेला महोत्सव संचालन/व्यवस्थापन समितिलाई जनाउनेछ ।

अध्यक्ष

३. यस कार्यबिधिको उद्देश्य निम्नानुसार रहेको छः

१) गाउँपालिका भित्र संचालन हुने मेला महोत्सव संचालन गर्न सम्बन्धित संस्था वा कार्यालयलाई अनुमति प्रदान गर्ने ।

२) मेला महोत्सवको उद्धेश्य पुरा गराउन आवश्यक सहजीकरण गर्ने ।

३) मेला महोत्सवलाई व्यवस्थित गर्ने ।

४) गाउँपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी प्रर्वद्धनमा सहयोग पुर्याउने ।

## परिचाछेद-२

## मेला महोत्सब संचालन अनुमति प्रदान बिधि

४. मेला महोत्सब संचालन गर्न गाउँपालिकाको अनुमति लिनु पर्नेः

१) प्रत्येक आ.व. मा माथागढी गाउँपालिका भित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले गाउँपालिकामा भाद्र मसान्त भित्र अनुसूचि-१ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित प्रस्तावक संस्था वा कार्यालयका निम्न कागजात सहित आवेदन पेश गर्नु पर्नेछ ।

निम्न

क) संस्था दर्ता प्रमाण पत्र र नविकरण सहित ।

ख) संस्थाको विधानको प्रतिलिपि

ग) लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र ।

घ) मेला महोत्सव संचालन हुने स्थानको स्वामित्व प्राप्त संस्था/निकायको सहमति ।

२) प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई दफा ७ वमोजिमको मेला व्यवस्थापन समिति द्वारा गठीत मुल्यांकन समितिले अनुसूचि-२ वमोजिमको मापदण्डका आधारमा मुल्यांकन गरि मेला संचालन/व्यवस्थापन समिति समक्ष पेश गर्ने छ। मुल्यांकन समितिको सिफारिशका आधारमा संचालन/व्यवस्थापन समितिले कम्तीमा ३ आ.व. सम्म एउटा संस्था/कार्यालय मुल आयोजकमा नदोहोरीने गरि तोके वमोजिमको शर्त राखी मेला महोत्सव संचालन अनुमति अनुसूचि-३ को ढाँचामा गाउँपालिकाले दिनेछ ।प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा वढीमा १ वटा भन्दा वढी मेला महोत्सव संचालन गर्न गाउँपालिकाले अनुमति दिने छैन। तर नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारका वार्षिक कार्यक्रम अनुसार गरिने सरकारी निकाय मूल आयोजक हुनेमा यो दफा लागु हुने छैन ।

अध्यक्ष

४) भाद्र मसान्त अगावै कुनै मेला महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव संचालनका लागि प्रस्तावित दिन भन्दा ३५ दिन अगावै गाउँपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

५) चालु आ.व.मा समेत यो निर्देशिका लागु भएपछि ३० दिनको समय दिई एक पटकका लागि प्रस्ताव पेश गर्ने अवसर दिइनेछ। प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरि बढीमा १ वटा मेला महोत्सव संचालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ। गाउँपालिकावाट चालु आ.व.मा मेला संचालन गर्न अनुमति लिइ सकेका संस्थाले समेत यसै प्रकृयामा आउनु पर्नेछ ।

६) मेला महोत्सव संचालन गर्ने स्थान मुल आयोजकले प्रस्ताव गर्न सक्नेछ पेश भएको स्थानका वारेमा गाउँपालिकाले संभाव्यता अध्ययन गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

७) २ दिन भन्दा कम अवधिको हकमा तोकिए बमोजजिमको शर्त राखी गाउँपालिकाले अनुमती दिनेछ ।

**५. मुल आयोजकले धरौटी राख्नु पर्नेः**

मेला महोत्सवको उद्धेश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लेखित अपेक्षित रकमको कम्तीमा ५ प्रतिशत रकम गाउँपालिकामा अनुमति पूर्व धरौटी राख्नु पर्नेछ । अपेक्षित रकम एकिन नभएमा न्यूनतम रु.५०,०००। (पचास हजार मात्र) मा नघट्ने गरि मेला महोत्सव संचालन/व्यवस्थापन समितिले तोके वमोजिमको धरौटी राख्नु पर्नेछ। सो धरौटी रकम मेला महोत्सवको समाप्ती संगै उद्धेश्य अनुसारको कार्य गर्न थालनी भए पछि गाउँपालिकाले धरौटी फिर्ता दिनेछ। मेला महोत्सव संचालन अनुमति प्रदान गर्दा गाउँपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा धरौटी रकम गाउँपालिकाले जफत गर्नसक्नेछ। लक्ष्य अनुसारको आर्थिक संकलन गरि उद्धेश्य अनुसारका काम गर्ने मुल आयोजकलाई गाउँपालिकाले थप प्रोत्साहन एवं सहकार्य वापत रकम उपलब्ध समेत गराउन सक्नेछ ।

**६. व्यबसाय कर तथा मनोरञ्जन करः**

मेला महोत्सवमा रहने व्यवसायीक स्टलहरुले व्यवसायको किसिम वमोजिम अनुसूचि-४ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग संगै मुल आयोजक मार्फत गाउँपालिकालाई वुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा प्रत्येक टिकटमा टिकट दरको ५ प्रतिशत मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको १ हप्ता भित्र गाउँपालिकामा

अध्यक्ष

दाखिला गर्नु पर्नेछ ।गैर व्यवसायीक सन्देशमुलक स्टलहरुका हकमा गाउँपालिकाले छुट दिन सक्नेछ। यसरी संकलित कर गाउँपालिकाले मेला महोत्सव प्रर्वद्धन कोषमा छुट्टै जम्मा गरि सोही प्रयोजनमा मात्र खर्च गर्नेछ।

## परिच्छेद-३

## मेला ब्यबस्थापन समिति

**७. मेला महोत्सव ब्यबस्थापन समतिको गठनः**

१) मेला महोत्सव ब्यबस्थापन समिति निम्नानुसार रहनेछ ।

अध्यक्षः गाउँ कार्यपालिका प्रमुख

सदस्यः गाउँ कार्यपालिका उप प्रमुख

सदस्यः मेला महोत्सव संचालन हुने वडाको वडा अध्यक्ष

सदस्यः बिषयगत शाखाको प्रमुख

सदस्यः अध्यक्षले तोकेको कार्यपालिका सदस्य १जना

सदस्यः सदस्यः प्रतिनिधि जिल्ला प्रहरी कार्यालय, पाल्पा वा निजले खटाएको प्रहरी प्रतिनिधि

सदस्य सचिवः प्रमुख प्रशासकिय अधिकृत वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी

२. गाउँपालिकाले लिएका लक्ष्य एवम् उद्देश्य हासिल गर्नको लागि गाउँपालिका आफै मुख्य आयोजक भई कुनै किसिमको मेला महोत्सव आयोजना गर्न सक्नेछ । यसरी गाउँपालिका आफै आयोजक भई सञ्चालन गरिने मेला महोत्सवको लागि निम्नानुसारको मूल आयोजक समिति गठन गरिनेछ ।

अध्यक्षः गाउँपालिकाका अध्यक्ष

उपाध्यक्षः गाउँपालिकाका उपाध्यक्ष

सदस्यः कार्यपालिकाका सदस्यहरू सबै

सदस्यः गाउँसभाका सदस्यहरू सबै

सदस्यः उद्योगी व्यवसायी मध्येबाट कार्यपालिकाले मनोनयन गरेका बाह्रजना

सदस्यः शिक्षाविद्, बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि मध्येबाट कार्यपालिकाले मनोनयन गरेका बाह्र जना

सदस्यः पाल्पा/बुटवल/काठमाडौं सम्पर्क समाजका अध्यक्ष वा प्रतिनिधिहरू

सदस्यः युवा क्लवका अध्यक्षहरू मध्येवाट कार्यपालिकाले मानोनयन गरेका बाह्र जना

सदस्यः महिला समूह÷आमा समूहबाट कार्यपालिकाले मनोनयन गरेको बाह्र जना

सदस्यः गाउँपालिकास्तरीय प्रमुख राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरू

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी

३. गाउँपालिकाले राखेका उद्देश्यहरू हासिल गर्न गाउँपालिका आफैं मूल आयोजक भई सञ्चालन गरिने मेला महोत्सव सञ्चालानार्थ दैनिक कार्य सम्पादन गर्ने गरी अध्यक्षको रोहबरमा सरोकारवालाहरूको भेलाबाट ७ देखि १५ सदस्यीय निम्नानुसारको मेला महोत्सव सञ्चालन समिति गठन गर्न सकिनेछः

अध्यक्षः भेलाबाट चुनिएको

सचिवः भेलाबाट चुनिएको

कोषाध्यक्षः भेलाबाट चुनिएको

सदस्यः आवश्यकता अनुसार भेलाबाट चुनिएको

४. मेला महोत्सवलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र सफल बनाउन आवश्यकता अनुसार सल्लाहकार समिति तथा विभिन्न उपसमितिहरू गठन गर्न सकिनेछ ।

५. मेला महोत्सवको प्रकृति अनुसार सो मेला महोत्सवसँग सम्बन्धित व्यावसायिक छाता संगठनका अध्यक्ष वा प्रतिनिधि, विषय विज्ञ, सामाजिक सङ्घ संस्था, पत्रकार, नागरिक समाज तथा लब्ध प्रतिष्ठित व्यक्तिहरूलाई अध्यक्षले आमन्त्रण गर्न सक्नेछ ।

६. मेला महोत्सव व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

क. मेला महोत्सव सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

ख. सम्झौताका शर्त बमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त बमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए बमोजिमको दण्ड सजाय गराउने ।

ग. मेला महोत्सवको उद्देश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मूल आयोजकलाई उद्देश्य अनुसारका कार्य गर्न लगाउने ।

घ. आवश्यकता अनुसार मेला महोत्सवका लागि पेस भएको प्रस्ताव मूल्याङ्कन टोली, मेला महोत्सव अनुगमन टोली वा कर्मचारी तोकी व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

ङ. मेला महोत्सव सञ्चालनका क्रममा देखा पर्ने सुरक्षा सम्वेदनशीलताका बारेमा जिल्ला सूरक्षा समितिसँग परामर्श लिने ।

च. कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समितिसँग आवश्यक समन्वय गरी मेला महोत्सव स्थगन वा बन्द गर्ने ।

७. मेला महोत्सव सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः

क. कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

ख. व्यवासायीहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

अध्यक्ष

ग. सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

घ. सञ्चालन समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

ङ. सञ्चालन समितिका सदस्यहरूको क्षमता विकास गर्ने। कार्यालयको स्वीकृति लिई आन्तरिक आय तथा अनुदान प्राप्त गर्ने ।

च. विभिन्न कम्पनी तथा विज्ञापन दाताबाट विज्ञापन सङ्कलन गर्ने ।

छ. सम्झौताबमोजिमको कामको कार्यक्रममा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

ज. मूल आयोजक समितिको सचिवालयको रूपमा काम गर्ने,

झ. सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि गाउँपालिकासँग अनुरोध गर्ने,

ञ. सूचना केन्द्रको रूपमा कार्य गर्ने,

ट. मेला महोत्सवको व्यवस्थापन सम्बन्धी आवश्यक अन्य तोकिएका कार्य गर्ने ।

८. खाता सञ्चालन र भुक्तानी प्रकृया:

१) गाउँपालिका आफैं आयोजक भई सञ्चालन गरिने मेला महोत्सवको लागि छुट्टै बैंक खाता सञ्चालन गर्ने छ ।

२) मेला सञ्चालक समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुने छ ।

३) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुने छ ।

४) समितिले सम्पादन गरेको काम र खर्चको विवरण सञ्चालन समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेस गर्नुपर्ने छ ।

५) सञ्चालन समितिले मेला महोत्सवमा भएको आय व्ययको सार्वजनिकीकरण कार्यक्रम सम्पन्न भएको १५ (पन्ध्र) दिन भित्र गर्नुपर्ने छ ।

६) समितिको नाम र छाप कार्यालयले तोके बमोजिम हुने छ ।

अध्यक्ष

## परिच्छेद-४

## मुल आयोजकले पालना गर्ने/गराउनुपर्ने शर्तहरु

८. दर्शक तथा सम्पत्ति बिमा दर्शक सुरक्षा व्यबस्थापः

१) मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पूर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पुर्ण सहभागी सबैको दुर्घटना र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधि भित्रको अनिवार्य विमा गर्नुपर्नेछ ।

२) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ।

९. खानेपानी तथा फोहर मैला व्यबस्थापनः

१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रवन्ध गर्नुपर्ने छ, धुलो रहित वनाउन समय समयमा पानी अनिवार्य छर्कनुपर्नेछ ।

३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नुपर्नेछ जथाभावि बगाउन पाइने छैन ।

४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रवन्ध गर्नुपर्नेछ ।

५) मेला महोत्सव समाप्ती पश्चात सामाग्री र उठाउन पूर्व स्थलको पूर्णरुपमा सरसफाई गर्नुपर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनुपर्नेछ । मेला महोत्सवको सम्पूण सामाग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि १५ दिन अगाडी सामाग्री खसाउन एवं स्टल तयारको कार्य गर्न पाइनेछ ।

१०. ध्वनि व्यबस्थापनः

मेला महोत्सव स्थल भन्दा वाहिर ध्वनि जाने गरि माइक (हरन) लगाउन पाइने छैन। मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरि स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

११. अनुमति बेगरका काम गर्न नहुनेः

मेला महोत्सव व्यवस्थापन समितिद्धारा स्वीकृत प्रस्ताव वमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन। कुनै कारणवस प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गनुपर्ने अवस्थामा समितिको पुर्व स्वीकृती लिनु पर्नेछ ।

अध्यक्ष

**१२. स्टल बुकिङ्गमा स्थानिय आरक्षण व्यबस्थापनः**

१) मेला महोत्सवमा राखिने स्टलमा स्थानियतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा वमोजिम गर्नुपर्नेछ ।

निम्न

क. सूचना एवं सन्देशमूलक प्रर्दशनिका लागि न्यूनतम् १० प्रतिशत

ख. लुम्बिनी प्रदेश भित्र उत्पादन हुने वस्तुको लागि स्टल न्यूनतम् २० प्रतिशत

ग. माथागढी गाउँपालिका भित्रका व्यवसायीका लागि स्टलमा न्यूनतम् ३० प्रतिशत

घ. नयाँ प्रविधि प्रर्दशन एवं विक्रि स्टल न्यूनत्म २० प्रतिशत

ङ. सवै व्यवसायीका लागि खुल्ला स्टल २० प्रतिशत

२) स्टलहरु मध्ये दफा १२ को १ (क) उल्लेखित स्टलमा न्यूनतम् ४० प्रतिशत, (ख) मा उल्लेखित स्टलका लागि २५ प्रतिशत र १ (ग) मा उल्लेखित स्टलका लागि न्यूनतम् १० प्रतिशत तोकिएको भाडामा छुट दिनेगरि बुकिङ्ग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) दफा १२ उपदफा १ वमोजिम वितरण गरिएका कोटा वमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्ग खुल्ला गरे पश्चात वाँकी रहेका स्टलमा जुनसुकै व्यवसायिहरु आइ व्यवसाय गर्न पाउने गरि मूल आयोजकले सुचना आव्हान गर्नुपर्नेछ।

**१३. प्राथमिक उपचारको व्यवस्थाः**

मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

**१४. जुवा, तास लगाएत कानून बमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन।**

**१५. मदिरा तथा धुम्रपान निषेधः**

मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र विक्रि वितरण गर्न गराउन पाइने छैन ।

१६. राष्ट्रियता तथा स्थानिय सामाजिक सांस्कृतिक मर्यादामा आंच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।

**१७. स्थानियतालाई प्राथमिकताः**

मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानियतालाई प्राथमिकता दिनु पर्नेछ। कला संस्कृति प्रर्दशन गर्दा स्थानिय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्ने छ ।

१८. मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानियता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडी वढाउन विभिन्न स्थानिय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।

अध्यक्ष

## १९. आम्दानी खर्च सार्बजनिक गर्नु पर्ने:

मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन गाउँपालिकामा वुझाउनुका साथै पत्रकार सम्मेलन गरि आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ ।

२०. मेला महोत्सव संचालन/व्यवस्थापन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमनका लागि गाउँपालिकाबाट खटिएको टोलि वा कर्मचारीलाई मेला महोत्सव स्थल भित्रका हरेक गतिविधि अनुगमन गर्न मूल आयोजकले व्यवस्था मिलाउनु पर्नेछ। अनुगमनका क्रममा सम्झौता वमोजिम आयोजकले पालना गर्नु पर्ने काम नगरेका वा कुनै कमि कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलिले दिएको सुझाव पालना गर्नुपर्नेछ । पालना नगरेमा तोकिए बमोजिमको दण्ड जरिवाना हुनेछ ।

## परिच्छेद-५
## बिबिध

### २१ मुल आयोजक बन्न सक्ने आबेदकहरु:

१) देहायका संघ संस्थाले मूल आयोजक वन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, पर्यटन र व्यापार मेलाका लागिः विषयगत व्यवसायिहरुको छाता संगठनहरु ।

ख) धार्मिक, सांस्कृतिक महोत्सवका लागिः धार्मिक तथा सामाजिक संघ संस्थाहरु

ग) शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकुद तथा अन्य विषयगत मेला महोत्सवका लागिः विषयगत संघ संस्था तथा उत्पादकहरु ।

२) प्रस्तावक संस्थाहरुको विधानमा सम्वन्धित विषयमा प्रर्वद्धन गर्ने उद्धेश्य प्रष्टरुपमा उल्लेख भएको हुनुपर्नेछ।

३) माथि जेसकै उल्लेख भएता पनि भिन्ना भिन्नै विषयगत संस्थाहरुले संयूक्त रुपमा आयोजक वनि आ-आफ्ना उद्धेश्य अनुसारका मेला महोत्सव संचालन गर्न पाउनेछन् ।

४) संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिईने छैन ।

### २२. आवेदकले देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

१) नियमानुसार संस्था दर्ता र नविकरण भएको संस्था

अध्यक्ष

२) नियमित लेखापरिक्षण र कर चुक्ता गर्ने गरेको ।

२३. गाउँपालिका सँग गरिएको शर्त पुरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव संचालन गर्न गाउँपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर गाउँकार्यपालिकाले तोके बमोजिमको जरिवाना गरिनेछ ।

२४. टिकटदर निर्धारणः

१) मेला महोत्सव स्थलमा प्रवेश गरेबापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपांङ्ग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ आयोजकबाट पेश भएको प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा व्यवस्थापन समितिले तोके बमोजिम हुनुनेछ ।

२) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकुद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिक्तम दर निम्नानुसार मनोरञ्जन समय सिमाका आधारमा
हुनेछ ।
निम्न

क) ५ मिनेट भन्दा कम समय मनोरञ्जन हुनेमा अधिक्तम रु. २०। सम्म

ख) १५ मिनेट सम्म मनोरञ्जन हुनेमा अधिक्तम रु. ३०।

ग) ३० मिनेट सम्म मनोरञ्जन हुनेमा अधिक्तम रु. ५०।

घ) ३० मिनेट भन्दा बढी समयको मनोरञ्जन हुनेमा अधिक्तम रु. १००। सम्म

३) सामान्यतया मनोरञ्जन कर बाहेक प्रवेश शुल्क दर रु ३०। हुनेछ ।

४) प्रवेश शुल्क दर र मनोरञ्जन स्टल प्रवेश दर मेला महोत्सवे व्यवस्थापन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

२५. मेला महोत्सबको अबधिः

१) धार्मिक र खेलकुद मेला महोत्सव बाहेक अन्य प्रकृतिका व्यवसायीक स्टलहरु राखि गरिने मेला महोत्सवको अनुमति अधिकतम ९ दिन सम्मको हुनेछ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नुपर्ने उपयुक्त कारण सहित सुंरक्षा निकायको सहमति सहित निबेदन दिएमा संचालन/ व्यवस्थापन समितिले म्याद थपको कारण मनासिब देखेमा तिन दिन सम्म म्याद थपको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

अध्यक्ष

अध्यक्ष

२) धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान ५:०० देखि साझ ९:३० बजे सम्म र अन्य व्यवसायीक स्टल तथा मनोरंजनात्मक एवं सांगीतिक कार्यक्रम हुने मेलाको हकमा विहान १२:०० बजे देखि सांझ ६ बजेसम्म हिंउदमा र अन्य समयमा सांझ ७:३० बजे सम्म मेला महोत्सव संचालन गर्न पाइनेछ ।

३) धार्मिक तथा सांस्कृतिक, खेलकुद र व्यवसायीक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके वमोजिम हनुनेछ ।

**२६. दण्ड जरीवानाः**

१) मुल आयोजक समितिले व्यवस्थापन समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा गाउँपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ ।

क. कानुन विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक रु. १००००।र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ ।

ख. ध्वनि प्रदुषण वा वातावरण प्रदुषण गरेमा रु. ५०००। र वातावरण प्रदुषण हटाउन लाग्ने रकम असुल गरिनेछ ।

ग. अनुगमन टोलिको सुझाव पालना नगरेमा रु ५०००। जरिवाना र ३ पटक भन्दा वढी पटक गल्ती दोहोराएमा मेला संचालनमा रोक लगाइनेछ र उक्त संस्थालाई ५ वर्ष सम्म मेला महोत्सव लगाउन प्रतिवन्ध लगाइने छ ।

घ. तोकिएको समयसिमा भन्दा बढि समय मेला महोत्सव सञ्चालन गरेमा प्रतिदिन रु. २५०००।- का दरले जरिवाना लाग्नेछ ।

**२७. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**२८. बाधा अड्काउ फुकाउः**

यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा गाउँकार्यपालिका वैठकको निर्णय वमोजिम हुनेछ।

**२९. संशोधन तथा खारेजीः**

यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

अध्यक्ष

## अनुसूचि-१
(नियम ४ (१) सँग सम्बन्धीत)

गाईकोट नगरपालिकाको कार्यालय गैँडा, पाल्पा गण्डकी प्रदेश, नेपाल २०७३

### आबेदक संस्थाले प्रस्ताबमा खुलाउनु पर्ने न्यूनतम् बिषयहरु

१. **आबेदक संस्थाको परिचयः**

नाम, दर्ता, नविकरण, उद्धेश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनिय काम ।

२. **मेला महोत्सवका विषयमाः**

मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्धेश्य, पुरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

३. **मेला महोत्सबको आर्थिक पक्षः**

मेला महोत्सव संचालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र वचत रकमको उपयोग क्षेत्र , टिकट दर , टिकटमा विशेष छुट नीति

४. **मेला महोत्सवको व्यवस्थापन पक्ष**

क. व्यवसायीक स्टल रहने नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रर्वद्धनमुलक स्टल के के रहने ? व्यवसायीक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।

ख. दर्शक मैत्रि नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुनुट आदी) के के छन् ।

ग. स्टलहरु रहने भएमा वितरण नीति ।

५. **मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ।**

६. **मेला महोत्सव संचालन पछि देखिने उपलब्धी ।**

अध्यक्ष

अनुसूचि-२

(नियम ४ (२) सँग सम्बन्धीत)

मूल आयोजक छनौटका लागि मूल्यांकन आधारहरु

१. संस्थाको प्राथमीकीकरण (दर्ता मितिका आधारमा)

२. संस्थाको वैधानिकता (नियमित नविकरण, साधारण सभा आदी भएको)

३. मेला महोत्सवले माथागढीको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक आदी प्रर्वद्धनमा हुने योगदान। (माथागढी गाउँपालिकालाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)

४. मेला महोत्सवका लागि प्रस्तावित दिन (जति सक्यो कमलाई प्राथमिकता दिइने)

५. मेला महोत्सववाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र । (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)

६. हाल सम्म मेला महोत्सव संचालन गर्ने अवसर पाए नपाएको। (नपाएकालाई प्राथमिकता दिइने)

७. विगतमा मेला महोत्सव संचालनवाट संकलित रकमको सदनुपयोग अवस्था । (सदुपयोग गरेकोलाई प्राथमिकता दिइने) ।

अध्यक्ष

अननुसूचि ३

(नियम ४ (२) सँग सम्बन्धीत)

मेला महोत्सव संचालन अननुमतिको ढाँचा

## माथागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

माथागढी, झडेवा, पाल्पा

**विषयः मेला महोत्सव संचालन अनुमति पत्र ।**

श्री.........................................

........................................ ।

त्यस संस्थाले यस गाउँपालिका क्षेत्र भित्र ............................ मेला महोत्सव संचालनका लागि यस गाउँपालिकावाट अनुमति माग गरेको सन्न्दभमा यस गाउँपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि २०८० को दफा ४ वमोजिम यस संस्थालाई सोहि कार्य विधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु अनिवार्य पालना गर्ने गराउने गरि निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव संचालन गर्न मिति २०८....।.....। गते वसेको मेला महोत्सव संचालक/व्यवस्थापन समितिको वैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

निम्न

मेला महोत्सवको नाम .......................................................

मेला संचालन हुने मिति .................... देखि ................ सम्म ।

समयः प्रत्येक दिन विहान............वजे देखि............ वजे सम्म ।

स्थानः..........................................

अनिवार्य पालना गनर्नु पर्ने शर्तहरु

१. कार्यविधिको दफा ८ देखि २० उल्लेखित बुँदाहरु

२. कार्यविधिको दफा २४

३. ..................

बोधार्थः

श्री जिल्ला प्रशासन कार्यालय, पाल्पा

श्री जिल्ला प्रहरी कार्यालय, पाल्पा।

अध्यक्ष

## अनुसूचि-४
### (नियम ६ सँग सम्बन्धीत)

मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायिहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

क) व्यवसायीक फर्महरुको स्टलमा प्रति स्टल सम्वन्धित क्षेत्रकालागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत

अध्यक्ष